मालिकार्जुन गाउँपालिका गाउँ सभामा २०७९ साल असार १० गते शुक्रबार

उपाध्यक्ष श्री कल्यान सिंह धामीले

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७९/८० को
# बजेट वक्तव्य

मालिकार्जुन गाउँपालिका

शंकरपुर, दार्चुला

यस गरीमामय सभाका सभाध्यक्ष महोदय,
गाउँ सभा सदस्यज्यूहरु, यस सभाका सदस्य सचिव एवं सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, विभिन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, नागरिक समाज, समाजसेवी, बुद्धिजिवि, शिक्षक गुरुवर्ग, पत्रकार मित्रहरु र उपस्थित सम्पूर्ण महानुभावहरु एवम् अन्य उपस्थित आमा बुवा दाजुभाई तथा दिदी बहिनीहरु,

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १९ बमोजिम सभाका सभाध्यक्षको अनुमतिबाट उपाध्यक्षको हैसियतले गाउँ सभामा आगामी आर्थिक वर्ष २०७९/८० को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।
२. यस अवसरमा लोकतन्त्र प्राप्ती र संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि विभिन्न काल खण्डमा भएका दशवर्षे जनयुद्ध, जनआन्दोलन, मधेष आन्दोलन लगायतका आन्दोलन र राजनीतिक क्रान्ति एवं संघर्षलाई म स्मरण गर्न चाहन्छु । जनाधिकार र राजनीतिक परिवर्तनका लागि आफ्नो अमूल्य जीवन बलिदान गर्ने शहीदहरु प्रति उच्च सम्मान तथा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । घाइते योद्धा र वेपत्ता नागरिकहरु प्रति उच्च सम्मान र गहिरो सहानुभुति प्रकट गर्दछु ।मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि अथक योगदान दिने सम्पुर्ण आदरणिय अग्रज राजनीतिज्ञहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

   देश संघीय प्रणालीमा गइसकेपछी संवैधानीक ब्यवस्था बमोजिम यसै गरिमामय सभाबाट आठौं बजेट अधवेशनमा प्रवेश गरिसकेका छौँ।
३. मुलूक संघीयतामा गएपश्चात स्थानीय तहको दोस्रो कार्यकालका लागि २०७९ बैशाख ३० गते स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ । यस निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र, स्वच्छ र भयरहित वातावरणमा सम्पन्न गर्न योगदान गर्नु हुने आम नागरिक, राजनीतिक दल, निर्वाचन आयोग, राष्ट्रसेवक कर्मचारी लगायत सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु ।
४. आगामी आर्थिक वर्षको बजेट नयाँ परिस्थितिले सिर्जना गरेको चुनौतीलाई सामना गर्ने र प्राप्त अवसरलाई उपयोग गर्ने तर्फ केन्द्रित रहनु पर्दछ भन्नेमा हामी सजक छौँ । यस अवस्थामा मालिकार्जुनवासी आम नागरिकहरुको जीवन रक्षा गर्ने, भविष्य प्रति आधारयुक्त आशा जगाउने र अर्थतन्त्रको पुनरुत्थान गर्दै तीब्र विकासको बाटोमा लैजाने गरी आवश्यक छलफल सहित सोही बमोजिम बजेट तर्जुमा गर्ने प्रयास गरिएको छ ।
५. मैले बजेट तयार पार्दा नेपालको संविधान, विद्यमान कानुनहरु , पन्ध्रौ योजना र दिगो विकास लक्ष्यहरु, संघीय र प्रदेश सरकार तथा मालिकार्जुन गाउँपालिकाको नीति तथा कार्यक्रमहरुलाई आधार बनाएको छु । वजेट तर्जुमाको सिलसिलामा संघ र प्रदेश सरकारले अबलम्बन गरेका आर्थिक नीति, कानुन, मार्ग

निर्देशन, मापदण्ड तथा परिपत्रहरुका साथै विभिन्न समयमा सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण तथा लेखा परिक्षण, विभिन्न प्रतिवेदन, गुरुयोजनामा औंल्याईएका गहनतम मार्गदर्शन, सुझाव र अध्ययन, अवलोकन भ्रमणबाट बोध भएका व्यवहारिक र वस्तुनिष्ठ सिकाइ तथा सफल अभ्यासलाई समेत ध्यान दिएको छु।

सभाध्यक्ष महोदय,

अब म गत आर्थिक वर्ष २०७७/७८को यथार्थ आर्थिक गतिविधिको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

६. गत आर्थिक वर्ष २०७७/०७८ मा निकासा प्राप्त अनुदान रू.४३ करोड ७३ लाख ८४ हजार ३ सय ३९ ,खुद आन्तरिक आय रु १२ लाख ३२ हजार १,भुक्तानी दायित्व तथा संचित कोष मौज्दात रु.१ करोड ३२ लाख ३० हजार गरि जम्मा कुल रकम रु. ४५ करोड १८ लाख ४६ हजार ३ सय ५० मध्ये खर्च रु.४१ करोड ३१ लाख ०७ हजार १ सय ३ भएको थियो। जसमा रु. १ करोड ४४ लाख ८३ हजार २ सय ९ रुपया फ्रीज भएको थियो भने २ करोड ४२ लाख ४९ हजार ७ सय ३८ कम खर्च भइ गत आर्थिक वर्षमा पुरा हुन नसकेका योजना लाई सोहि रुपमा निरन्तरताका लागी बाँकि बजेट चालु बर्षमा खर्च गरिएको बेहोरा उल्लेख गर्न चाहन्छु।

सभाध्यक्ष महोदय,

अब म मालिकार्जुन गाउँपालिकाको चालु आर्थिक वर्ष २०७८/७९ को आर्थिक गतिविधि बजेट कार्यान्वनको समिक्षा गर्ने अनुमति चाहान्छु।

७. चालु आर्थिक वर्ष २०७८/७९मा कुल खर्च रु. ४५ करोड ३६ लाख ६५ हजार हुने अनुमान गरिएकोमा चालु आ.ब. को असार मसान्त सम्मको लागी रु. ५० करोड ०५ लाख ७५ हजार ३८ खर्च हुने संशोधित अनुमान छ। यसमा चालु खर्च तर्फ रु .३४ करोड १२ लाख ४९ हजार १ सय ०६ र पुँजिगत खर्च तर्फ रु. १५ करोड ९३ लाख २५ हजार ९ सय ३२ खर्च हुने संशोधित अनुमान छ।

८. चालु आर्थिक वर्षमा राजश्व संकलन रु. ४५ लाख हुने अनुमान गरिएकोमा चालु आ.ब को असार मसान्त सम्ममा रू. १५ लाख आन्तरिक राजश्व संकलन हुने संशोधित अनुमान छ। संघीय अनुदान तर्फ आ.ब ०७८/०७९ मा रु. ३८ करोड ४१ लाख ४३ हजार प्राप्त भएको र प्रदेश सरकारबाट रु.१ करोड ७४ लाख ७६ हजार बित्तिय हस्तान्तरण मार्फत प्राप्त हुने, प्रदेश सरकार र संघीय सरकार संग राजश्व बाँडफाँडबाट प्राप्त हुने रु.६ करोड २१ लाख २ हजार समेत गत बर्षको नगत मौज्दात २ करोड ४२

लाख ५६ हजार अठ्तीस र आन्तरिक राजश्व अनुमानको ४५ लाख गरी  कुल रु.५० करोड ०५ लाख ७५ हजार  ३८ राजश्व प्राप्त हुने संशोधित अनुमान गरिएको छ।

सभाध्यक्ष महोदय,

अब म चालु आर्थिक वर्षमा कार्यान्वयन भएका केही उल्लेखनीय कार्यहरु निम्न बमोजिम भएको बेहोरा यहाँहरु समक्ष पेश गर्ने अनुमति चाहन्छु।

क) आर्थिक मितव्ययिता कायम गर्न भाडामा रहेका निजी घरहरुको सम्झौता रद्द गरी गाउँपालिकाको स्वामित्वमा रहेको कृषक समूहको सार्वजनिक भवनको जीर्णोद्धार गरी एकीकृत रुपमा नागरिकलाई सेवा प्रवाहको व्यवस्था गरिएको छ। जुन भवनको प्राङ्गणमा आज हामी आठौं गाउँ सभा सञ्चालन गरिरहेका छौं।

ख) कार्यालयको सेवा प्रवाहलाई सेवाग्राही मैत्री बनाउने कार्यको थालनी भइसकेको छ। सूचनाको हकले व्यवस्था गरेको स्वतः प्रकाशन नियमित रुपमा अद्यावधिक गरी प्रकाशन गर्ने कार्य तीव्र गतिमा अगाडि बढिसकेको छ।

ग) सबै वडाहरुमा ग्रामिण सडक स्तरोन्नती, नयाँ ट्र्याक खोल्ने तथा अवरुद्ध सडक सुचारु र विस्तार गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

घ) स्थलगत अनुगमन तथा निरीक्षणलाई विशेष महत्वका साथ अगाडी बढाइएको छ।

ङ) पशु स्वास्थ्यका लागि सम्बन्धित पशु सेबा केन्द्रहरुबाट औषधी वितरण तथा अन्य पशुपालन लक्षित कार्यक्रमहरु सम्पन्न गरिएको छ।

च) दश शैय्याको अस्थायी अस्पताल शंकरपुर पस्तिमा सञ्चालनको प्रक्रिया अगाडि बढिसकेको छ।

छ) स्वास्थ्य संस्थाहरुको स्तरोन्नति एवं भौतिक सुबिधा सम्पन्न बनाई स्वास्थ्य सेबालाई प्रभावकारी बनाईएको छ। गाउँपालिका भित्रका स्वास्थ्य केन्द्रका गुणस्तर सुधार एवम् स्तरोन्नतिको कार्य प्रारम्भ गरिएको छ।

ज) सामुदायिक विद्यालयहरुका प्रधानाध्यापकहरुसँग ३० बुँदे कार्यसम्पादन करार सम्झौता गरिसकिएको छ ।

झ) विद्यालय व्यवस्थापन समिति पुनर्गठनको कार्य थालनी भइसकेको छ।

ञ) आगामी आर्थिक वर्षबाट लागू हुने गरी विद्यालय कर्मचारीहरुको न्यूनतम पारिश्रमिक सुनिश्चतता गरिएको छ।

ट) मालिकार्जुन गाउँपालिकाक्षेत्र भित्र प्रस्तावित औधोगिक ग्रामको बिकासका लागी कार्य प्रारम्भ भईसकेको छ । प्रारम्भिक वातावरणीय परीक्षण तथा बिज्ञहरुको रायको आधारमा वातावरण मैत्री एवम् स्थानीय रोजगारमूलक लगायतका उद्योगहरु स्थापना गर्न पहल गरिएको छ ।

ठ) आधारभूत खानेपानी सुबिधाको पँहुच अधिकांस जनसंख्यामा पुगाउनका लागी बिभिन्न प्रयासहरु भएका छन ।

ड) वित्तिय सेबाको पँहुच उल्लेखिय रुपमा बढेको छ । बित्तिय कारोबारमा सुचना प्रबिधिको प्रयोगमा व्यापकता आएको छ ।

९. उल्लेखित कार्य प्रगति हुँदाहुँदै पनि मालिकार्जुन गाउँपालिका विकासका लागी विभिन्न समस्या चुनौतीहरु विधमान छन । समष्टिगत आर्थिक स्थायित्वका अधिकासं परिसुचकहरु सकारात्मक नै रहेता पनि दृढ राजनैतिक प्रतिज्ञाको कमिका कारण यी परिसुचकहरु दबावमा परेका छन । भौगोलिक, हावापानी, साँस्कृतिक एवम् सामाजिक विशिष्टताका दृष्टिले विविधता युक्त यो गाउँपालिकामा विकासका दृष्टिले सबै वस्ती र समाज समान रुपमा उन्नत छैनन् । कठिन भुगोल र तुलनात्मक रुपमा जोखिम युक्त क्षेत्रमा आवागमनमा असहजता, निर्माणको दृष्टिले बढी खर्चिलो  र प्राकृतिक दृष्टिले जोखिमयुक्त छ । मालिकार्जुन गाउँपालिकाको समग्र विकासको सन्दर्भमा देखिएका समस्या तथा चुनौतीहरुलाई निम्नानुसार उल्लेख गर्न चाहान्छु ।

क. स्थानीय स्रोतबाट आम्दानि पर्याप्त नभएको र विकास योजना तर्जुमा गर्दा साना साना टुक्रे आयोजनाहरु बनाउने र स्रोतलाइ छरपष्ट पारिने प्रवृतिले समग्रमा अनुभवयोग्य कुनै परिवर्तन नहुने समस्या रहेको छ । स्रोतलाई एकीकृत गरी ठुला एवं लाभयुक्त आयोजनाहरु तर्जुमा गरी नागरिकले प्रत्यक्ष अनुभव गर्नसक्ने विकास कार्यक्रम कार्यान्वयन गरी समाजमा रोजगारी सृजना र सामाजिक एवं आर्थिक विकासमा टेवा पुर्याउनु चुनौतिपुर्ण देखिन्छ ।

ख. सडक पुल जस्ता भौतिक निर्माणमा जनतामा जग्गाको विषयमा विवाद हुने, लाभग्राहीबाट योगदान गर्न नचाहने प्रवृतिले विकासका कार्यमा अवरोध पुग्न सक्ने देखिन्छ । उपभोक्ता समिति मार्फत संचालित आयोजनाहरुमा निर्माण सम्बन्धी विशिष्ठ ज्ञान र उपकरण नहुदा निर्माण व्यवसायी वा सव कन्ट्र्याक्टर मार्फत कार्य गर्ने प्रवृतिले निर्माणमा अस्वस्थ प्रतिष्पर्धा सृजना हुने र सुशासन कायम गर्न थप चुनौति बढेको छ ।

ग. उपभोक्ता समितिबाट कार्यान्वन हुने आयोजनाहरुको सन्दर्भमा उपभोक्ता समितिहरुको दक्षताको अभावका  कारण उपभोक्ता समितिहरु समयमा योजना सम्झौता गर्न नआउने, आयोजनाहरु समयमै कार्यान्वयन नहुने र आर्थिक वर्षको अन्त्य सम्म आयोजना सञ्चालन

गरी आषाढ मसान्तमा भुक्तानि लिन आउने प्रवृति, उपभोक्ता समितिमा वर्षौ देखि एकै व्यक्तिको उपस्थितिले अन्य उपभोक्ताले अवसर नपाउने र सार्वजनिक परीक्षणको प्रावधानको उचित कार्यान्वन नगर्ने प्रवृतिले आर्थिक अनुशासन कमजोर भई स्रोत दुरुपयोग हुने सम्भावना बढ्ने गरेकोछ । उपभोक्ता समितिको क्षमता विकास सार्वजनिक परिक्षणलाई प्रभावकारी गराउन पनि चुनौतिपुर्ण रहेको छ ।

घ. अनावश्यक चालु खर्च बढी हुँदा वित्तीय सुशासन कायम गर्न चुनौतिपूर्ण छ ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०७९/८० को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन ।

क) उपलब्ध साधन स्रोत अबसर र क्षमताको उच्चतम परिचालन गरी शीघ्र आर्थिक पुनरुत्थान गर्दै विकासको गतिलाई निरन्तरता दिने ।

ख) नागरिकका मौलिक हक र अधिकारका रुपमा रहेका आबश्यकता परिपुर्ति मार्फत गाउँपालिकाको लोककल्याणकारी भूमिका बढाउने ।

ग) सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकास मार्फत **समृद्ध मालिकार्जुन** निर्माण गर्दै जाने ।

घ) शिक्षा, स्वास्थ्य लगायत रोजगारी सिर्जना गर्ने क्षेत्रलाई प्राथमिकतामा राख्ने ।

ङ) समग्र सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउदै सेवा प्रवाहलाई प्रविधि मैत्री बनाउने ।

१०. बजेटका उद्देश्यहरु हासिल गर्न मैले देहाय अनुसार क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु ।

क) गुणस्तरिय स्वास्थ्य सेवा सर्वसुलभ बनाउन स्वास्थ्य सेवाको दायरा विस्तार, स्वास्थ्य पूर्वाधार निर्माण तथा स्तरोन्नती र स्वास्थ्य जनशक्ति विकासमा प्राथमिकता दिइएको छ ।

ख) योग तथा आयुर्वेद प्रशिक्षण केन्द्र स्थापना गर्ने ।

ग) उत्पादन र आपूर्ति श्रृखलालाई पुनर्स्थापना गर्दै कृषि, उद्योग, पर्यटन, निर्माण लगायतका व्यवसायको पुर्नउत्थान तथा रोजगारी सिर्जना गर्न लघु, घरेलु तथा साना उद्योग स्थापनामा विशेष जोड दिने ।

घ) नागरिकका लागि काम र रोजगारीका अवसर, खाद्य सुरक्षा, सुरक्षित आवास, खानेपानी, शिक्षा, स्वास्थ्य,सर्वकालीन सामाजिक सुरक्षा र संरक्षण ।

ङ) विकासको शिघ्र प्रतिफल प्राप्त हुने आगामी बर्ष भित्र सम्पन्न हुने अधुरा आयोजना कार्यन्वयन ।

च) यस आर्थिक बर्षमा सम्पन्न हुन नसकेका भौतिक निर्माण लगायतका अन्य योजनाहरुको निरन्तरता ।

छ) श्वेत पत्र मार्फत देखिन आएको अनिवार्य दायित्वलाई आगामी आर्थिक वर्षमा निरन्तरता ।

ज) गुणस्तरीय र जीवनोपयोगी शिक्षा, सूचना प्रविधिको विस्तार, आधारभूत खानेपानी लगायतका सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको विकास निर्माण ।

झ) गुणस्तरीय तथा पहुंचयुक्त सार्वजनिक सेवा र उत्तरदायी तथा पारदर्शी एवं खुला सरकारको नीतिलाई थप व्यवस्थित गर्ने कार्य ।

आगामी बर्षको क्षेत्रगत बजेट बिनियोजन गर्दा आर्थिक पुर्नउत्थान हुने, तत्काल प्रतिफल प्राप्त गर्न सकिने, आगामी आर्थिक बर्षमै सम्पन्न हुने, चालु आयोजनाहरुको कार्यान्वयन निरन्तरता सुनिश्चित गर्ने र सेवा प्रवाहलाई प्रभावकारी बनाउन संघ र प्रदेश सरकारसँग उच्चतम समन्वय र सहकार्य गर्ने तथा सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रसँगको साझेदारीबाट विकास प्रक्रियालाई अघि बढाउने कार्यक्रमतर्फ जोड दिइएको छ ।

**सभाध्यक्ष महोदय,**

अब म यिनै उद्देश्य, चुनौती र प्राथमिकताका आधारमा मालिकार्जुन गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० लागि तयार पारिएको बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्दा मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने बालीको पकेट विकास कार्यक्रम संचालन गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनासँग साझेदारी गरी कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

२. कृषकहरुका साना व्यवसाय प्रवर्धन तथा कृषि उत्पादन वृद्धि गरि पकेट विकास कार्यक्रम संचालन गरिनेछ ।

३. लागत साझेदारीमा कृषि कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

४. विपन्न नागरिकहरुलाई रोजगारी प्रदान गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारी गरी कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

५. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाई वडा कार्यालयहरु मार्फत सहजै वितरण हुने शाखारहित घुम्ति बैङ्किङ्ग प्रणालीको व्यवस्थापन गरिनेछ।

६. अपाङ्गता सहायता कोषलाई निरन्तरता दिइएको छ।

७. समग्र सेवा प्रवाहलाई व्यवस्थित र प्रविधि मैत्री बनाउन विद्युतीय सुशासन प्रणालीको अवलम्बन गरिनेछ।

८. विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गरी पठन पाठनलाई थप गुणस्तरिय बनाउन विद्यालयहरुमा सूचना प्रविधिको व्यवस्थाकासँगै भौतिक पूर्वाधार निर्माण सुधार गरिनेछ।

९. शिक्षा, स्वास्थ्य एवं रोजगारी सिर्जना सम्बन्धी विभिन्न विकास साझेदार संस्थाहरुसँग सहकार्य र अन्तरक्रियात्कम कार्यक्रमको व्यवस्था गरिनेछ।

१०. चालु आर्थिक वर्षमा संचालित विधार्थीको दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गर्दै भान्से व्यवस्थापनको कार्य अगाडी बढाइनेछ।

११. बाल स्वास्थ्य एवं पोषण कार्यक्रमलाई थप प्रभावकारी बनाउन बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइएको छ।

१२. राहत, उद्दार तथा विपद् व्यवसस्थापन कोषको स्थापना गरी सरकारी, निजी तथा अन्य क्षेत्रबाट प्राप्त हुने रकम सो कोषमा जम्मा हुने र खर्च हुने व्यवस्था मिलाइएको छ।

१३. आधारभूत स्वास्थ्य संस्थाहरु तथा वडा कार्यालय सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।

१४. गरिवि निवारणका लागि लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्न, उद्यमीको स्तरोन्नति, प्रविधि हस्तान्तरण लगायतका कार्यक्रमहरु विभिन्न विकास साझेदारहरुको सहकार्यमा संचालन हुने व्यवस्था गरिनेछ।

१५. खानेपानी तथा सरसफाई बोर्ड गठन गरी यस गाउँपालिकाका भित्रका विभिन्न वडाका वस्तिहरुमा खानेपानीको पहुंच सुनिश्चित गर्न **एक घर एक धारा** पुऱ्याउन खानेपानी तथा सरसफाई सम्बन्धी आयोजनाहरु साझेदारीमा सञ्चालन हुने व्यवस्था मिलाइने छ।

१६. पर्यटनको सम्भावना बोकेका राष्ट्रिय धाम मालिकार्जुन र उकु महल लगायतका पर्यटकीय क्षेत्रहरुको संरक्षण र सम्र्बद्धन हुने गरी पर्यटन प्रवर्द्धनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।

**सभाध्यक्ष महोदय,**

११. अब म आगामीआर्थिक वर्ष २०७९/८०मा मालिकार्जुन गाउँपालिकाको राजस्व तथा व्ययको अनुमान प्रस्तुत गर्न चाहन्छु ।

१२. चालु आर्थिक वर्षमा आन्तरिक राजश्व रु. ५० लाख हुने चालु वर्षमा नगद मौज्दात र आगामी वर्षमा असुल उपर हुने बेरुजु समेत गरी रु १ करोड रहने, नेपाल सरकारबाट रु ४० करोड ८८ लाख र प्रदेश सरकारबाट रु १ करोड ९६ लाख ५२ हजार वित्तिय हस्तान्तरण मार्फत प्राप्त हुने, संघीय र प्रदेश सरकारबाट राजश्व बाँडफाँड बाट प्राप्त हुने रु. ७ करोड ५१ लाख ८२ हजार समेत कुल रु.५१ करोड ८६ लाख ३४ हजार राजश्व प्राप्त हुने अनुमान गरिएको छ ।

१३. आगामि आर्थिक वर्षमा हुने व्यय तर्फ उपभोग तथा चालु प्रकृतिका कार्यक्रमहरु लगायतका खर्च व्यवस्थापनको लागि कुल रु.९ करोड १ लाख ८२ हजार चालु तर्फ, पुंजी बृद्धी तथा विभिन्न विकास निर्माणका लागि कुल रु.१९ करोड ७० लाख ५२ हजारपुँजिगत तर्फ र संघिय सरकारबाट हस्तान्तरित सर्शत कार्यक्रम का लागि रु. २३ करोड १४ लाख विनियोजन गरिएको छ ।

सभाध्यक्ष महोदय,

१४. अन्त्यमा, बजेट तर्जुमा गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्ने सम्पुर्णमा हार्दिक आभार व्यक्त गर्न चाहान्छु । साथै सबै गाउँपालिका बासी दिदिबहिनी तथा दाजुभाईलाई हार्दिक धन्यवाद दिंदै सबल, समृद्ध र न्यायपुर्ण गाउँपालिका निर्माणमा योगदान गर्न आह्वान गर्दछु ।

कल्यान सिंह धामी ''पंकज''
उपाध्यक्ष
मालिकार्जुन गाउँपालिका, दार्चुला
२०७९/०३/१०/६